फोन नं. ०५७-४१२७१६

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
सामाजिक विकास कार्यालय

हेटौंडा, नेपाल

**विषयः प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

(प्रकाशित मिति २०८२/०८/१५ गते)

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास कार्यालय, हेटौंडाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"सामाजिक क्षेत्रका कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन निर्देशिका, २०७८"** बमोजिम तपसिल अनुसारका कागजातहरु सहित उक्त निर्देशिकाको अनुसूची-१ को ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (**२०८२मंसिर २९ गते सम्म**) कार्यालय समयभित्र यस सामाजिक विकास कार्यालय, हेटौंडा, नेपालमा प्रस्तावपत्र पेश गर्न कार्यक्रमसँग सम्बन्धित क्षेत्रमा कार्यरत मकवानपुर, चितवन र सिन्धुली जिल्ला भित्र दर्ता र कार्यक्षेत्र भएका इच्छुक सामाजिक संस्थाहरूका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | अनुदान कार्यक्रमको नाम | पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|
| १ | जिल्लासेवा केन्द्र / सामुदायिक सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र सञ्चालन गर्ने महिला सहकारी संस्थाहरु तथा safe house का लागि सहयोग कार्यक्रम | १. संस्थाले देहायका विषयहरु समाविष्ट हुने गरी तोकिएको ढाँचाको प्रस्तावपत्र,<br>१. प्रस्तावपत्र तयार गर्दा लैससास दृष्टिकोण (कार्यक्षेत्रमा समावेशिकरणको लागि अवस्था बिश्लेषण, प्राथमिकीकरण,बजेट,कार्यान्वय र प्रभाव मुल्यांकन) सुनिश्चित भएको हुनु पर्नेछ ।<br>२. संचालकहरुको विवरण, भौतिक संरचना, जनशक्तिको अवस्था, सम्बन्धित क्षेत्रको अनुभव, आन्तरिक तथा अन्य निकायहरुसँगको श्रोत परिचालनको स्थिति र नेपाल सरकार तथा प्रदेश सरकारद्वारा स्वीकृत खर्चको मापदण्डबमोजिम कार्यक्रम खर्चको अनुमानित प्रस्ताव<br>३. सामाजिक विकास मन्त्रालयवाट विगत ३ आ.व मा निकाशा भएको रकम र प्राप्त उपलब्धी<br>२. संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि,<br>३. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,<br>४. संस्थाको विधान र अघिल्लो आ.व.को लेखापरीक्षणको प्रतिवेदन ,<br>५. संचालक समिति/ व्यवस्थापन समिति/कार्यकारी समितिको अनुदान माग गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि,<br>६. चालू आ.व. मा अन्य सरकारी निकायबाट अनुदान स्वीकृत नभएको व्यहोरासहितको सम्बन्धित स्थानीय तहको सिफारिस,<br>७. अन्य निकायबाट व्यहोरिने श्रोतको हकमा श्रोतको सुनिश्चितता सम्बन्धी प्रमाण,<br>८. स्थायी लेखा प्रमाणपत्र नं. दर्ता र पछिल्लो आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,<br>९. समाज कल्याणमा आबद्धता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि (महिला सहकारी संस्थाको हकमा नपर्ने)<br>१०.अनुदानबाट संचालन हुने कार्यक्रममा माग गरिएको रकमको क्रियाकलापगत विभाजन र अन्य आवश्यक कागजातहरु । |

नोटः नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला तथा बालबालिका विभागको महिला विकास कार्यक्रम सञ्चालन मार्गदर्शनको अनुसूची २४ मा उल्लेख भएको विषयमा बागमती प्रदेश सरकारको सार्वजानिक खर्चको मापदण्ड, २०७८ को जिल्लास्तरको खर्चको परिधिभित्र प्रस्ताव पेश गर्नु पर्नेछ ।
सम्बन्धित निर्देशिका,अनुसूची फारम लगायत अन्य विस्तृत जानकारीको लागि मन्त्रालयको वेबसाइट **mosd.bagamati.gov.np** र यस कार्यालयको वेबसाइट **sdohetauda.bagmati.gov.np** मा हेर्न तथा मोबाइल नं. ९८४५१०२९९७ मा सम्पर्क राख्न सकिनेछ ।

**Phone: 057- 412716, 057-412724 , Email: osdhetauda@gmail.com**

सूर्य बहादुर दाहाल
कार्यालय प्रमुख